## जिल्ला विपद् व्यवस्थापन समिति बैठक : २०८३।०२।२०

निर्णयहरु:

१. जिल्ला विपद् व्यवस्थापन समितिको यस अघिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा एवम् विश्लेषण गरियो।

२. चंखेली गाउँपालिका वडा नं.५ नेप्कामा अवस्थित श्री डाँफे आधारभुत विद्यालयको भवनमा क्षति पुगेको हुँदा क्षतिको यर्थाथ विवरण संकलन गरी सामाजिक विकास मन्त्रालयलाई पुननिर्माण तथा मर्मतसम्भारका लागि आवश्यक पहल गर्ने निर्णय गरियो।

३. हुम्ला जिल्ला चंखेली गाउँपालिका वडा नं ५, नेप्कामा मिति २०८३/०२/०५ गते मध्य रातमा परेको अविरल वर्षाका कारण धनसिंह तामाङको ४६ वटा ठुलो र ७ वटा सानो भेडाभेडी गरी जम्मा ५३ वटा मृत्यु भएको, चंखेली गाउँपालिका वडा नं ३ मा पर्ने दखल्टा खर्के चरण क्षेत्रमा मिति २०८२/०४/०४ गते चटयाङ परी नरविर ऐडीको १ वटा भैसी, दन्तविर ऐडीको २ वटा भैसी, नन्द बहादुर ऐडीको १ वटा भैसी, राम बहादुर ऐडीको १ वटा राँगा र अज वहादुर बुढाको १ वटा भैसी (६ वटा भैसी र १ वटा रागाँ) गरी जम्मा ७ वटाको मृत्यु भएको, अदानचुली गाउँपालिका वडा नं ३, गोरपालीमा मिति २०८२/०१/०४ गते बिहान ०६:३० देखी ०७:३० सम्म परेको अविरल बर्षाका कारण पहिरोले धर्म बुढाको ५२ वटा (४१ वटा बाख्रा र ११ वटा पाठापाठी) को मृत्यु भएको, सिमकोट गाउँपालिका वडा नं ७ मा मिति २०८१/०३/२० गते परेको अविरल वर्षाका कारण सार्की शाहीको ३ वटा घोडा र ध्वज बहादुर शाहीको २ वटा घोडाको मृत्यु भएको हुदाँ र पशु अस्पताल तथा पशु सेवा कार्यालय, हुम्लामा वार्षिक स्वीकृत कार्यक्रम अनुसार राहत वितरण कार्यक्रममा बजेट बिनियोजन भएको हुदाँ कृषि तथा सहकारी सम्वन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१को दफा २१ को उपदफा ४ बमोजिम हुन आउने जम्मा रकम रु. ४५००००/- बराबरको राहत रकम सम्वन्धित कृषकको बैंक खातामा भुक्तानी गर्ने निर्णय गरियो र भुक्तानी पश्चात भुक्तानी विवरण हुम्ला जिल्ला विपद व्यवस्थापन समितिमा पशु अस्पताल तथा पशु सेवा कार्यालय, हुम्लाले जानकारी उपलब्ध गराउने निर्णय गरियो ।

४. हुम्ला जिल्ला चंखेली गाउँपालिका वडा नं ५, नेप्कामा मिति २०८२/०२/०५ गते मध्य रातमा परेको अविरल वर्षाका कारण कुल ७७ घरधुरीको २१.६८८ हे. (४३३.७५५ रोपनी) मा लगाएको कृषि बाली (सिमि, आलु, मकै) पूर्ण रुपमा क्षेति हुदाँ रु. ६५०६३२५/- बराबरको क्षेति भएको तथा कृषि तथा सहकारी सम्वन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१को दफा २१ को उपदफा ३ बमोजिम क्षेतिको २० प्रतिशत हुन आउने रकम राहत वितरण गर्न पाउने प्रावधान भएको हुदाँ कुल क्षेतिको २०% रकम रु. ८६७५१०/- उपलब्ध गराउन सकिने र कृषि विकास कार्यालय, हुम्लाको आ.व. २०८२/०८३ को ब.उ.न.

३१२०१९०१३ (कृषि व्यवसाय प्रवर्द्धन) अन्तर्गत दैवी प्रकोप राहत कार्यक्रम (ख.सं.नं. २.७.१५.२७३५) मा रु. २,००,०००/- विनियोजन भएको र अपुग हुन् आउने रकम रु. ६,६७,५१०/- माग गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश मार्फत कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषदमा अनुरोध गर्ने निर्णय गरियो र उक्त अपुग रकम प्राप्त भए पश्चात कृषकलाई क्षेतिको २०% ले हुने आउने रकम सम्बन्धित कृषकको खातामा भुक्तानी गर्ने र भुक्तानी भएको रकमको जानकारी हुम्ला जिल्ला विपद व्यवस्थापन समितिलाई कृषि विकास कार्यालयले जानकारी गराउने निर्णय गरियो ।

५. उक्त गाउँमा सञ्चालित एक मात्र खानेपानी योजनाको अधिकांश संरचनामा क्षति पुगेकाले खानेपानी स्रोत तथा वितरण प्रणालीको मर्मत तथा पुनः स्थापन कार्य खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय मार्फत जलस्रोत तथा उर्जा विकास मन्त्रालयलाई जानकारी गराउने।
६. कादुरी संस्थाद्वारा निर्माण गरी समुदायलाई हस्तानतरण गरिएको माईक्रो हाइड्रोको इन्टेक र नहरमा क्षति पुगेकाले विद्युत सुचारु गरिदिनका लागि जलस्रोत तथा उर्जा विकास मन्त्रालय कर्णाली प्रदेशलाई अनुरोध गर्ने।
७. प्रहरी मुचुल्का अनुसार विपद् प्रभावित निजी आवास प्रवलीकरण, पुननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ बमोजिम चंखेली गाउँपालिकाबाट प्रक्रिया सुरु गर्न अनुरोध गरियो।
८. चंखेली गाउँपालिका वडा नं. ५ नेप्कामा मिति २०८३।०२।०५ गते भएको विपद्को प्रकृति हेर्दा गाउँ क्षेत्रमै पहिरो समेत गएकोले प्रथम दृष्टीमै सो गाउँ जोखिममा रहेको प्रारम्भिक आंकलन गरियो। सो सम्बन्धमा भौगोलिक अध्ययन अनुसन्धान गरिदिन विपद् जोखिम न्युनीकरण प्राधिकरण सिंहदरबार, काठमाडौंलाई अनुरोध गर्ने।
९. खुलालु सलीसल्ला सडक अन्तर्गत सर्केगाड गा.पा. वडा नं. १ खच्चा क्षेत्रमा वारम्बार सुख्खा पहिरो गई राज्यको लगनी खर्च भईरहने तर उपलब्धी न्यून हुने गरेकोले प्रविधिक अध्यन गरी स्थायी समधान पहिल्याउनका निम्ती कर्णाली करिडोर दक्षिण खण्ड खुलालु सलीसल्ला सडक योजना कोल्टी, बाजुरा मार्फत संघिय पूर्वाधार विकास मन्त्रालयलाई जानकारी गराउने भनि निर्णय गरियो।
१०. नेप्का गाउँसम्म पुग्ने घोरेटो बाटो निर्माण/पुननिर्माण गर्ने आवश्यक बजेट उपलब्ध गराउन पूर्वाधार विकास कार्यालय, हुम्लालाई अनुरोध गर्ने निर्णय गरियो।
११. चंखेली गाउँपालिका वडा नं. ५ नेप्का गाउँ पहिरोको जोखिममा रहेकाले तत्काल पहिरो रोकथामका लागि ग्याबिन वाल निर्माण गर्नको लागि खानेपानी सिचाई तथा उर्जा विकास कार्यालय, हुम्लालाई अनुरोध गर्ने निर्णय गरियो।